# ९ अधिकारवालाहरुलाई येशूको अनुयायी बनाउनु

*<u>यस अध्यायका मूल पदहरू:</u>* रोमी १३:१-७, मर्कूस २:२३-२८, मत्ती ८:५-१३, मत्ती २६:५७-६८, मत्ती २७:११-१४, प्रेरित ४:१-१२।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* **"त्यसरी परमेश्वरको वचन फैलियो। यरुशलेममा पनि द्रुत रूपमा धेरै विश्वासीहरू बढे। धेरै पुजारी पण्डितहरू पनि येशूको शिक्षा पालन गर्न थाले।" (प्रेरित ६:७ रूपान्तरित)।**

"परमेश्वरले शक्ति नदिउँञ्जेल येशूका चेलाहरूले मृत्युको सामना गर्न साहसको वरदान पाएका थिएनन्। अनि पछि मात्र उद्धारकर्ताले दिनुभएको प्रतिज्ञा पूरा भएको थियो। जब पत्रुस र यूहन्नाले सानहिड्रिन अर्थात् धार्मिक सभासदमा निडर भएर बोले त्यहाँका अगुवाहरू छक्क परेका थिए। ती मानिसहरू येशूको साथमा थिए भनेर तिनीहरूले महसुस गरे।" (प्रेरित ४:१३ रूपान्तरित)। स्टिफनसको बारेमा बाइबलले यो भन्दछ, "सानहिड्रन धर्मसभामा बसीरहेका सबै जनाले एक भएर स्टिफनसलाई हेरे। उनको अनुहार स्वर्गदूतको अनुहार जस्तो चम्किएको तिनीहरूले देखे" (प्रेरित ६:१५ रूपान्तरित)। ती धर्मका अगुवाहरूले स्टिफनसँग सामना गर्न सकेनन् किनभने उनी तिनीहरूभन्दा आत्मज्ञानमा चर्को थिए। उनीबाट पवित्र आत्मा बोल्नुभएको हुनाले ती अगुवाहरू उनको सामना गर्न सकेनन्" (प्रेरित ६:९,१० रूपान्तरित)। सिजर सम्राटको अदालतमा आफूले नै भोगिरहेका मुद्दाको बारेमा प्रेरित पावल लेख्दछन् "जब ममाथि पहिलो मुद्दा चलायो मलाई सहायता गर्न कोही पनि आएन। सबैले मलाई छोडेर गए।......तर परमेश्वर मेरो साथमा उभिनुभएको थियो। सबै सन्देश सुनाउन उहाँले मलाई बल दिनुभयो। अनि ती सबै गैर-यहूदीहरूले मेरो प्रवचन सुने। मलाई सिहँको मुखबाट बचाइएको थियो।" (२ तिमोथी ४:१६,१७ रूपान्तरित)-एलेन जी ह्वाइट, द डिजायर अभ एजेज्, पृ. ३५४, ३५५बाट रूपान्तरित।

## १. अख्तियार पाएकाहरूको आदर गर्नु (रोमी १३:१-७)

सरकार कसरी गठन हुन्छ र त्यस सरकारलाई नागरिकहरूले कसरी मान्ने भन्ने विषय वस्तुमा सयौं वर्षदेखि मानिसहरू कसरत गरिरहेका छन्। कुनै पनि शासकलाई कसैमाथि रजाईं गर्ने अधिकार कसले दिन्छ? सुशासन चलाउन सक्षम् हुने सबभन्दा असल सरकार कुन् हो? के अधिकार पायो भन्दैमा सबै खालको सरकारलाई मानिसहरूले सधैं मान्नु पर्दछ र? यदि पर्दैन भने किन पर्दैन? त्यस विषयमा ती बाहेक अरू धेरै प्रश्नहरू छन् जुन् हामी सबैले सोध्ने क्रममा कसरत गरिरहेकाछौं।

**यस विषयमा रोमी १३:१-७ पढौं र देहायका प्रश्नहरू गहिरिएर चिन्तन गरौं: वर्तमान परिप्रेक्ष्यमा हाम्रो निम्ति त्यहाँ के सन्देश छ? त्यहाँ लेखिएको अनुसार चलेका उदाहरणहरू इतिहासमा कहाँ पाइन्छ? त्यहाँ उल्लेख गरेका अनुसार गल्तीहरू हाम्रो चर्चले नदोऱ्याउन् भनेर कसरी सिक्ने? ती गल्तीहरू सरकारमा मात्र होइन चर्चमा पनि भएका छन् भन्ने कुरामा के हामी स्वीकार गर्छौं? हेर्नुहोस्: " हरेक व्यक्ति शासन गर्ने प्रशासकहरूका अधीनमा बसोस्। परमेश्वरबाट आएको अधिकारबाहेक अरू कुनै अधिकार हुँदैन। जुन प्रशासकहरू छन्, ती परमेश्वरबाटै नियुक्त भएका हुन्।२ यसकारण प्रशासकहरूका विरुद्धमा खड़ा हुनेले परमेश्वरबाट नियुक्त भएकाहरूको विरोध गर्छ, र जस-जसले विरोध गर्छन्, तिनीहरूले दण्डको आज्ञा पाउनेछन्। ३ किनभने सुकर्मको निम्ति होइन, तर कुकर्मको निम्ति शासकहरूको डर मानिन्छ। के तिमी प्रशासकको डरमा रहन चाहँदैनौ? त्यसो भए, असल काम गर, र तिमीलाई तिनीबाट प्रशंसा मिल्नेछ।४ किनकि तिम्रो भलाइको निम्ति तिनी परमेश्वरका सेवक हुन्। तर यदि तिमी खराबी गर्छौ भने डर मान, किनभने तिनले तरवार व्यर्थमा भिर्दैनन्। खराब काम गर्नेमाथि परमेश्वरको दण्ड ल्याउने तिनी परमेश्वरका सेवक हुन्। ५ यसकारण परमेश्वरको दण्डबाट बच्नलाई मात्र होइन, तर विवेकको निम्ति पनि तिमी तिनका अधीनमा रहनुपर्छ। ६ यसैकारणले पनि तिमी कर तिर्दछौ। किनकि प्रशासकहरू यसै कामको निम्ति निरन्तर लागिरहेका परमेश्वरका सेवक हुन्। ७ तिर्नुपर्ने कुरा सबैलाई तिर– कर तिर्नुपर्नेलाई**

**कर, महसूल तिर्नुपर्नेलाई महसूल, आदर गर्नुपर्नेलाई आदर, इज्जत गर्नुपर्नेलाई इज्जत गर।"**

खीष्टको समयमा रोमी साम्राज्य अरू राष्ट्रहरूको निम्ति अत्यन्त निर्दयी र निरङ्कुस भएको सबैलाई थाहा थियो। आफू भन्दा सभ्य देश र नागरिकहरूमाथि रोम आतङ्कित भएको थियो। तिनीहरू जबरजस्ती आफ्नो साम्राज्यमा घुसाएका थिए। लाखौं मानिसहरू आफ्ना जग्गाजमिन, सम्पत्ति गुमाएका थिए, तिनीहरूलाई झ्यालखानामा राखेका थिए र आम हत्या पनि गरिएका थिए। रोमी सम्राट आफै भन्दा उसले खडा गरेका कठपुतली सरकारहरू अझ झन निर्दयी थिए। जताततै विद्रोहको आगो सल्किन्थ्यो। तर येशूले सरकारको खिलाफमा कुनै किसिमको विद्रोहलाई समर्थन गर्नुभएन। र तिर्नुपर्ने करमा पनि समर्थन नै जनाउनु भएको थियो (लूका २०:२५)। सरकारले अनुमोदन गरेको कानूनलाई येशूले विरोध गर्नुभएको घट्ना केवल एक मात्र थियो। त्यसलाई नागरिक विद्रोह वा अवज्ञाकारी भनिन्छ। त्यो त्यस बेला थियो जब मन्दिरमा भएको पसलहरूमा गएर आफ्नो क्रोध देखाएर त्यहाँका मालसामानहरूलाई तितरवितिर पार्नुभएको थियो। तर त्यो काम तत्काल रोमी सरकारको विरुद्धमा नभएर धर्मको नाउँमा मोलतोल गर्ने र शोषण गर्ने वा आत्मिक अधिकारलाई दुरुपयोग गर्ने यहूदी धर्मका पुजारीहरू वा ठेकेदारहरूदेखि वाक्क भएर आफ्नो क्रोध देखाउनुभएको थियो।

“मानविय सरकार परमेश्वरको आशिष हो भनेर परमेश्वरका जनहरूले मान्ने छन्। तर सिमित रूपमा त्यस सरकारका नितिनियम तथा कानूनहरू पालन गर्नु गरिमामय कुरो हो भनेर तिनीहरूले सिकाउनेछन्। तर जब सरकारका नियमकानूनहरू परमेश्वरको अधिकारसँग टक्कर खान्छ भने परमेश्वरको वचन कुनै पनि मानविय कानूनभन्दापनि राख्नु पर्दछ। “परमेश्वरले यसो भन्नुभएको छ" भन्ने वाक्यलाई कुनै पनि चर्च वा राज्यको खातिर पन्छाउनुहुँदैन। संसारका कुनै पनि राजा वा सरकारका मुकुटहरू भन्दा खीष्टको मुकुटलाई उच्च स्थान दिनुपर्दछ।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ६, पृ. ४०२बाट रूपान्तरित।

## २. "के तिमीहरूले पढेनौ......?" (मर्कूस २:२३-२८)

अभाग्यवश येशूले सामना गर्नुपरेका सबभन्दा शक्तिशाली, इज्जतदार, प्रभावकारी र प्रतिष्ठित व्यक्तिहरूमा उहाँको समयमा रहेका धार्मिक पण्डित वा गुरूहरू थिए। धर्मलाई रक्षा गर्ने भनेर ठाउँ ओगटेका धेरैजसो ती अगुवाहरूले येशूलाई भित्री हृदयदेखि घृणा गर्दथे। तैपनि येशूले तिनीहरूप्रति सदाशयता देखाउनुभएको कारणले जब जब तिनीहरूसँग छलफल हुन्थ्यो तब तब तिनीहरूले मुक्तिको बाटो पहिल्याउन सकोस् भनेर उहाँले हरदम प्रयास गर्नुहुन्थ्यो। "परमेश्वरले संसारलाई प्रेम गर्नुभयो" भन्ने संसारमा सबै जना मानिस समावेश भएकै कारणले कुनै पनि धर्मगुरू, पण्डित, धर्मलाई रक्षा गर्न ठेक्का बोकेका इज्जतदार र शक्तिशाली मानिसहरूलाई येशूले पन्छाउन चाहनुभएको थिएन। उहाँलाई थाहा थियो ती धार्मिक अगुवाहरूले उहाँलाई पछि मृत्युदण्ड दिइनेछ।

**प्रभु येशू ती धार्मिक अगुवाहरूसँग छलफल गर्न कहिल्यै पनि हिच्किच्याउनु भएन। यदि तिनीहरूको दिमाग संकुचित नभए वा पूर्वाग्रहले ग्रस्त नभएको भए उहाँले सिकाएका विद्याहरू र देखाउनुभएका कामहरूले तिनीहरूको मन पग्लिन्थ्यो। तिनीहरूसँग येशूले कसरी तर्क गर्नुभएको थियो भनेर देहायका केही पदहरूले यसरी देहाउँदछन्: मर्कूस २:२३-२८ " एक शबाथ-दिन उहाँ अन्नका खेतहरूबाट भएर जाँदैहुनुहुन्थ्यो। त्यताबाट जाँदा उहाँका चेलाहरूले हिँड्दाहिँड्दै अन्नका बाला टिप्न लागे। २४ यो देखेर फरिसीहरूले उहाँलाई भने, "हेर्नुहोस्, शबाथ-दिनमा जे गर्नु अनुचित छ तिनीहरू किन त्यही गर्दछन्?"
२५ उहाँले तिनीहरूलाई भन्नुभयो, "जब दाऊद र तिनीसँग हुनेहरू खाँचोमा परेका र भोकाएका थिए तब दाऊदले के गरे? के तिमीहरूले कहिल्यै पढ़ेका छैनौ? (१ शमू २१:१-६) २६ प्रधान पूजाहारी अबियाथारको पालोमा परमेश्वरको भवनमा तिनी पसे, र परमेश्वरलाई चढ़ाइएको रोटी खाए, जो पूजाहारीले बाहेक अरूले खान अनुचित छ, र त्यो रोटी तिनको साथमा हुनेहरूलाई पनि दिए।"( लेवी २४:९) २७ तिनीहरूलाई उहाँले भन्नुभयो, "शबाथ-दिन मानिसको लागि बनेको हो, मानिस शबाथ-दिनको निम्ति होइन। २८ यसैकारण मानिसको पुत्र शबाथ-दिनको पनि प्रभु हो।", मर्कूस ३:१-६ "पछिबाट फेरि उहाँ**

सभाघरमा पस्नुभयो। त्यहाँ सुकेको हात भएको एक जना मानिस थियो। २ कतै उहाँले त्यसलाई शबाथ-दिनमा निको पार्नुहुन्छ कि भनी उहाँलाई दोष लाउन मानिसहरू उहाँको चेवामा थिए। ३ तब उहाँले सुकेको हात भएको मानिसलाई भन्नुभयो, "यता आऊ।" ४ उहाँले तिनीहरूलाई भन्नुभयो, "शबाथ-दिनमा भलो गर्नु कि खराबी गर्नु, प्राण बचाउनु कि नाश गर्नु, कुनचाहिँ उचित छ?" तर तिनीहरू चूप लागिरहे। ५ तिनीहरूका हृदयको कठोरतामा दुःखित भई क्रोधित भएर उहाँले तिनीहरू सबैलाई हेर्नुभयो अनि त्यस मानिसलाई भन्नुभयो, "तिम्रो हात पसार।" त्यसले हात पसाऱ्यो र त्यसको हात निको भयो। ६ तब निस्केर गई उहाँलाई कसरी नाश पारौं भनी फरिसीहरूले तुरुन्तै हेरोदीहरूसँग उहाँको विरुद्धमा मतो गरे।" र मत्ती १२:१-१६ "त्यस समय येशू शबाथमा अन्नका खेतहरूबाट भएर जाँदैहुनुहुन्थ्यो। उहाँका चेलाहरू भोकाएका थिए र अन्नका बाला टिप्दै खान लागे।२ तर फरिसीहरूले यो देखेर उहाँलाई भने, "हेर्नोस्, तपाईंका चेलाहरू शबाथमा जे गर्नु अनुचित छ, त्यही गर्दछन्।" ३ तर उहाँले तिनीहरूलाई भन्नुभयो, "दाऊदले, उनी र उनका साथमा हुनेहरू भोकाउँदा के गरेथे, के तिमीहरूले पढ़ेका छैनौ? ४ कसरी उनले परमेश्वरको भवनभित्र पसेर चढ़ाइएको रोटी खाएथे? त्यो रोटी खान न त उनलाई न उनीसँग हुनेहरूलाई, तर केवल पूजाहारीहरूलाई मात्र उचित थियो। ५ अथवा के व्यवस्थामा पढ़ेका छैनौ, कसरी शबाथमा पूजाहारीहरूले मन्दिरमा शबाथलाई अपवित्र तुल्याउँछन्, र पनि निर्दोषी ठहरिन्छन्? (गन्ती २८:९-१०) ६ तर म तिमीहरूलाई भन्दछु, मन्दिरभन्दा महान् कोही यहाँ छ। ७ तर 'म बलिदान होइन, दया चाहन्छु' भनेको अर्थ के हो सो तिमीहरूले जानेका भए तिमीहरूले निर्दोषीलाई दोष लाउनेथिएनौ। (मत्ती ९:१३ होशे ६:६) ८ किनकि मानिसको पुत्र शबाथको प्रभु हो।" ९ त्यहाँबाट निस्केर उहाँ तिनीहरूको सभाघरमा जानुभयो। १० त्यहाँ एउटा हात सुकेको मानिस थियो। तिनीहरूले येशूलाई दोष लगाउने अभिप्रायले उहाँलाई सोधे, "के शबाथमा कसैलाई निको पार्नु उचित छ?" ११ उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूमध्ये कसैको एउटा भेड़ा छ, र शबाथमा त्यो खाल्डोमा पऱ्यो भने, के तिमी त्यसलाई समातेर बाहिर निकाल्दैनौ र? (लूक १४:५) १२ भेड़ाभन्दा मानिस कति बढ़ी मूल्यवान् छ? यसैकारण शबाथमा भलो गर्नु

**उचित छ।" १३ तब उहाँले त्यस मानिसलाई भन्नुभयो, "तिम्रो हात पसार।" त्यसले हात पसाऱ्यो, र त्यो हात अर्को जस्तै सद्दे भइगयो। १४ तर फरिसीहरूले बाहिर गएर उहाँलाई कसरी नाश गरौं भनेर उहाँको विरुद्धमा मतो गर्न लागे। १५ तब त्यो कुरा थाहा पाएर येशू त्यहाँबाट गइहाल्नुभयो, र धेरै जना उहाँको पछि लागे, र उहाँले तिनीहरू सबैलाई निको पार्नुभयो, १६ र उहाँ को हुनुहुन्छ सो कसैलाई नबताउने चेताउनी तिनीहरूलाई दिनु भयो।"**

धर्मका ती गुरूहरूसँग कारोबार गर्ने क्रममा येशूले तिनीहरूलाई बाइबलका पदहरू र बाइबलको इतिहासलाई औंल्याउनुहुन्थ्यो। आफ्नै धर्मग्रन्थलाई सम्झेर धर्मगुरूहरू आफ्ना हृदयलाई नरम पारून भन्ने येशूको चाहना थियो। तिनीहरूले नै मानेका साझा विश्वासलाई आधार बनाएर येशूले तिनीहरूलाई परमेश्वरले देखाउनुभएको मार्गमा हिंड्न अनुरोध गर्नुभएको थियो। धर्म वा धार्मिक परम्परा भन्दा मानिस तथा दया कतिको महत्त्वपूर्ण छ भनेर येशूले धर्मशास्त्र बाइबललाई नै उदृध गरेर तिनीहरूको आँखा खोल्न प्रयास गर्नुभएको थियो। ती धर्मगुरूहरूले बाइबलका नितिनियमहरू कडा रूपमा पालन गरेको दावी गर्दथे। तर बाइबलका भित्री वा गहिरो निति ती धर्मगुरू तथा अगुवाहरूले बुझुन् भन्ने उहाँको चाहना थियो।

शब्बथ दिनमा कोही पशु खाल्डोमा पऱ्यो भने त्यसलाई उद्धार गरिन्छ भने सैतानको पासोमा परेकोलाई उद्धार किन नगर्ने भनेर येशूले ती धार्मिक गुरूहरूमा करूणा, दया, माया, सदाशयता हुनुपर्छ भनेर औंल्याउँनुभएको थियो। ती धर्मका ठेकेदार भनाउँदाहरूले त्यस कुरामा सचेत हुनुपर्दथ्यो। तर येशूप्रति तिनीहरूको प्रचण्ड घृणा, ईख र तितोपना भएको हुनाले दया, करुणा जस्ता मानविय स्वभावहरूप्रति तिनीहरू अन्धा भएका थिए।

आखिरमा येशूले गर्नुभएको अनेकौं अचम्म कामहरू नै उहाँको बारेमा जनाऊ दिने ठूलो स्वर भएको समाजका ती प्रतिष्ठित धर्मगुरूले सुन्न सक्नुपर्थ्यो।

**धर्मको नाउँमा धर्मान्ध वा अतिवादी भएको र कठोर भएका कस्ता ती मानिसहरू रहेछ भनेर हामीले तिनीहरूलाई औंल्याउन सजिलो**

त छ। तर हामी आफै पनि परमेश्वरबाट चम्किएको बदलिन्दो प्रकाश वा आत्मज्ञानप्रति अन्धो नहुन कसरी निश्चित हुने? कसैले बाइबलले सिकाएका आत्मज्ञानको बारेमा सोच्नु भन्दा तिनीहरूलाई पन्छाएर आफू संकुचित घेरामा बसिरहनु किन सजिलो छ?

## ३. सेन्टुरिएन अर्थात् सय जना सैनिकको रोमी अफिसर (मत्ती ८:५-१३)

खीष्टले समाजका धेरै प्रवुद्ध वा प्रतिष्ठित व्यक्तिहरूसँग भेटघाट गर्नभएको थियो। तर तिनीहरूलाई सुसमाचार सुनाउँदा धेरै जसोले येशूप्रति नकारात्मक धारणा राखेका थिए। तर त्यसमा पनि केही अपवादहरू थिए। इस्राएलको धार्मिक सभाको एक उच्च धर्मगुरू निकोदिमस येशूदेखि प्रभावित भएको थियो। त्यस्तै अर्को रोमी अफिसर पनि उहाँदेखि मुग्ध भएको थियो। (त्यो सयजना सिपाहींहरूको रोमी हाकिम पाश्चात्य मूलको गोरा मानिस हुनसक्छ किनभने रोम युरोप महादेशमा पर्दछ।इस्राएल देशलाई जितेर त्यस देशले त्यहाँ रजाईं गरेको थियो।)

अधिकार पाएकाहरू वा सरकारी हाकिमहरूले पनि सुसमाचारको शक्ति थाहा पाउनुपर्छ भनेर भनेर देहायका पदहरूले कसरी देखाउँछ? मत्ती ८:५-१३ "येशू कफर्नहुममा पस्नुहुँदा एक जना कप्तान उहाँकहाँ आएर बिन्ती गर्न लागे। तिनले भने, ६ "हे प्रभु, मेरो नोकर पक्षाघातले साह्रै दुःख पाएर घरमा ओछ्यान परेको छ।७ उहाँले तिनलाई भन्नुभयो, "म आएर त्यसलाई निको पार्नेछु।" ८ तर कप्तानले भने, "हे प्रभु, तपाईंलाई मेरो घरमा स्वागत गर्ने योग्यको म छैनँ। तर वचन मात्र बोलिदिनुहोस्, र मेरो नोकर निको हुनेछ। ९ किनकि म पनि अधिकारीहरूका अधीनमा छु, अनि मेरो अधीनमा सिपाहीहरू छन्। म एक जनालाई "जा" भन्छु, अनि त्यो जान्छ, र अर्कालाई " आइज' भन्छु, अनि त्यो आउँछ। मेरो कमारालाई 'यसो गर' भन्छु, अनि त्यसले त्यो गर्छ।" १० तिनको कुरा सुनेर येशूले आश्चर्य मान्नुभयो, र उहाँको पछि आउनेहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, इस्राएलमा पनि यति ठूलो विश्वास मैले भेट्टाएको छैनँ। ११ म तिमीहरूलाई भन्दछु, पूर्व र पश्चिमबाट धेरै जना आउनेछन्, र अब्राहाम, इसहाक र

याकूबसँग स्वर्गका राज्यको भोजमा बस्नेछन्। (लूक १३:२९) १२ तर राज्यका सन्तान बाहिरी अन्धकारमा फालिनेछन्। त्यहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन्।" (मत्ती २२:१३ मत्ती २५:३० लूक १३:२८।) १३ तब येशूले कप्तानलाई भन्नुभयो, "जाऊ, जस्तो तिमीले विश्वास गरेका छौ, त्यस्तै तिमीलाई होस्।" अनि त्यो नोकर त्यही घड़ी निको भयो।" र लूका ७:१-१० "आफ्ना सबै कुरा मानिसहरूलाई सुनाइसकेपछि उहाँ कफर्नहुममा प्रवेश गर्नुभयो। २ कुनै एक जना कप्तानको एक जना प्यारो कमारो थियो, जो बिरामी भएर मर्नै लागेको थियो। ३ जब येशूको बारेमा तिनले सुने, तब तिनको कमारालाई निको पारिदिनोस् भनी तिनले यहूदीहरूका धर्म-गुरुहरूलाई बिन्ती गर्न पठाए। ४ तिनीहरू येशूकहाँ आएर यसो भनेर उहाँलाई आग्रहपूर्वक बिन्ती गरे, "तिनी तपाईंको यो कृपा पाउने योग्यका छन्, ५ किनभने तिनले हाम्रो जातिलाई प्रेम गर्दछन्, र तिनले नै हाम्रो सभाघर बनाइदिएका हुन्।" ६ येशू तिनीहरूसाथ जानुभयो। कप्तानको घरको नजिकै उहाँ हुनुहुँदा, कप्तानले तिनका मित्रहरूलाई उहाँकहाँ यसो भनी पठाए, "हे प्रभु, दुःख नउठाउनुहोस्, किनकि तपाईं मेरो घरभित्र प्रवेश गर्नुहुने योग्यको म छैनँ, ७ मैले आफैलाई पनि तपाईंकहाँ आउने योग्यको ठानिनँ। तर वचन भनिदिनुहोस्, र मेरो चाकर निको हुनेछ। ८ किनकि म पनि अख्तियारमुनि बस्ने मानिस हुँ, अनि मेरो अधीनमा सिपाहीहरू छन्। म एउटालाई 'जा' भन्छु, अनि त्यो जान्छ, र अर्कालाई 'आइज' भन्छु, अनि त्यो आउँछ। मेरो कमारालाई 'यो गर' भन्छु, अनि त्यसले गर्छ।" ९ यो कुरा सुनेर येशू तिनीसँग आश्चर्यचकित हुनुभयो, र फर्केर आफूपछि आउने भीड़लाई भन्नुभयो, "म तिमीहरूलाई भन्छु, मैले इस्राएलमा पनि यस्तो ठूलो विश्वास देखेको छैनँ।" १० जब पठाइएका मानिसहरू घर फर्केर गए, तिनीहरूले त्यस कमारालाई निको भएको भेट्टाए।"

**त्यो रोमी सिपाहींको हाकिमले येशू आफ्नो क्षेत्रतिर आइरहनुभएको छ भन्ने समाचार सुन्छ। येशू उसको घरमा गएर उसको बिमारी सेवकलाई निको पार्न तयार हुनुभएको पनि उसले सुन्दछ। उहाँ उसको घरमा नआओस् भनेर आफ्ना साथीहरूलाई सन्देश दिन येशूकहाँ उसले पठाउँछन्। यहूदी धर्मप्रति उसको अगाढ सम्मान थियो र येशूको**

आध्यात्मिक जीवनप्रति उसमा गहिरो प्रभाव परेको थियो। ख्रीष्टको व्यक्तिगत उपस्थिति उसको घरमा हुन आफू योग्य नभएको उसले महसुस गर्दछ। उसको घरमा येशू आइपुग्नै लाग्दा त्यस हाकिमलाई भेट्न येशूले भेट्नुहुन्छ। उसले आफ्नो वस्तुस्थिति येशूलाई बताउँछन्। येशू घरमै नआइकन उसको विमारी सेवकलाई उहाँले निको पार्न सक्नुहुन्छ भन्ने विश्वास उसमा छ भनेर उसले देखाउन चाहन्छ। आफ्नो सैनिक अधिकारको अनुभव बताउँदै उसले येशूलाई आफ्नो अधिकारको कुरो बताउँछ। उसले आफ्नो भन्दा माथिको हाकिमको आदेश मान्छ र उसका सैनिकहरूले पनि उसको आदेशको पालना गर्छ। यो बाहिरी देशका अधिकार पाएका र प्रभाव पार्न सक्ने हाकिमले येशूप्रति गहिरो आस्था देखाएकोलाई अचम्म नै मान्नुपर्छ किनभने बाइबलमा पोख्त भएका धेरैजसो यहूदीहरूले येशूलाई न स्वीकार गर्न सकेको थियो न त बुझ्न नै सकेको थियो।

स्वस्थ र इमान्दारीपूर्वक गरिएको आत्म-समिक्षा अत्यन्त महत्त्वपूर्ण हुन्छ। हामीले आफैलाई सोधौं, के हामी आत्मिक वा अध्यात्मिक रूपमा अल्छी भएका छौं कि वा बाइबलका सिद्धान्तहरूलाई प्रचारप्रसार त गर्छौं तर त्यसको प्रभाव वा अनुभव हामी आफैले अनुभव गर्न सकेका छैनौं? अरूलाई परमेश्वरप्रतिको आस्थाको बारेमा सिकाउन हामी पोख्त होला, तर त्यस आस्थाबाट पाइने शक्ति के व्यक्तिगत रूपमा हामीले पाइरहेका छौं कि छैनौं?

हामी सानैदेखि येशूलाई विश्वास गरौंला वा उहाँलाई विश्वास गरेको केही समय बितियो होला तर के हामीले भन्दा नयाँ विश्वासीहरूले विश्वासमा चर्को भएको हामी देखिरहेका छौं कि? के हामीहरूले पाएका आध्यात्मिक ज्ञानले गर्दा हाम्रो स्वार्थलाई केन्द्रित गरिएको छ कि? के हामी चर्चमा आफ्नो भाऊ खोज्न व्यस्त भएको कारणले सुसमाचारको मर्मप्रति हामी अन्धो भएका छौं कि?) बेला बेलामा परमेश्वरको निम्ति गवाही दिने अवसर के थाहानै नपाइकन हामी गुमाइरहेकाछौं कि? उपरोक्त प्रश्नहरूको जवाफमा ख्रीष्टको भूमिका कहाँ छ? के हामीले ती प्रश्नहरूको जवाफमा ख्रीष्टलाई नै सुम्पेका छौं? त्यस रोमी सैनिक हाकिमको कथा हामीलाई रमाइलो नै लाग्ला। तर त्यस कथाले अधिकार पाएका माथिल्लो दर्जाका मानिसहरूलाई पनि सुसमाचार सुनाउन

हामीलाई अग्रसर गराउनु पर्दछ। यस संसारमा कतिपय धनीवर्ग, सम्पन्न वर्ग वा ठूला ठूला ओहदाहरूमा बसेका मानिसहरू होलान् जसले परमेश्वरप्रति अगाढ आस्था देखाउँदछन्। तिनीहरूबाट प्रेरणा पाएर हामीहरूको विश्वास बलियो होउन् भनेर हामी कामना गरौं।

जब परमेश्वरको नाउँमा हामी निश्वार्थी र नम्र तरिकाले सेवा गर्छौं तब त्यसमा मानिसहरूले त्यस्ता शक्ति देख्दछन् जसले जुनसुकै ओहोदा वा वर्गका मानिसहरूका हृदयलाई छुन सक्दछ। सोच्नुहोस्, हामीहरूको जीवनमा र गवाही दिने क्रममा परमेश्वरको आत्माले हामीहरूमा काम गरिरहेको छ कि छैन?

## ४. न्यायको दिन (मत्ती २६:५७-६८)

प्रभु येशूले आफू को हो भनेर कुनै पनि उच्च पदका मानिसहरूको सामु हिच्किच्याउनु भएन। उहाँको जीवनबाट हामीले पनि यो सिक्नुपर्दछ कि जुनसुकै अनुकूल वा प्रतिकूल परिस्थितिमा परमेश्वरको निम्ति गवाही दिन चुक्नुहुन्न। हेर्नुहोस् मत्ती २६:५७-६८ " येशूलाई पक्रनेहरूले उहाँलाई प्रधान पूजाहारी कैयाफाकहाँ लगे। त्यहाँ शास्त्रीहरू र धर्म-गुरुहरू भेला भएका थिए। ५८ तर पत्रुस टाढैबाट प्रधान पूजाहारीका भवनको आँगनसम्मै उहाँको पछिपछि लागे, र अन्त्यमा के हुने हो, सो हेर्नलाई भित्र पसेर पालेहरूसँग बसे। ५९ अब मुख्य पूजाहारी र जम्मै महासभाले येशूलाई मृत्युदण्ड दिनलाई उहाँको विरुद्धमा झूटो गवाही खोज्न लागे। ६० धेरै झूटो गवाही दिनेहरू आए, तर तिनीहरूले कुनै प्रमाण पाएनन्। आखिरमा दुई जना अगि आए, ६१ र भने, "यस मानिसले 'म परमेश्वरको मन्दिर भत्काएर तीन दिनमा यसलाई निर्माण गर्न सक्छु' भन्यो।" (यूह २:१९) ६२ तब प्रधान पूजाहारीले उठेर उहाँलाई भने, "के तँ केही जवाफ दिँदैनस्? यी मानिसहरूले तेरो विरुद्धमा दिएको गवाही के हो?" ६३ तर येशू चूप रहनुभयो। प्रधान पूजाहारीले उहाँलाई भने, "जीवित परमेश्वरको शपथ खाएर भन्दछु, हामीलाई बता, के तँ परमेश्वरको पुत्र ख्रीष्ट होस्?" ६४ येशूले तिनलाई भन्नुभयो, "तपाईंले नै भनिहाल्नुभयो। तापनि म तपाईंहरूलाई भन्दछु, अब उप्रान्त तपाईंहरूले मानिसको पुत्रलाई सर्वशक्तिमान्‌को दाहिने हातपट्टि बसेको, र आकाशको बादलमा आइरहेको देख्नुहुनेछ।" (दान

७:१३) ६५ तब प्रधान पूजाहारीले आफ्ना वस्त्र च्याते र भने, "यसले त ईश्वर-निन्दा बोल्यो। हामीलाई अब अरू साक्षीहरूको के दरकार पऱ्यो र? तपाईंहरूले अहिले यसले बोलेको ईश्वर-निन्दा सुनिहाल्नुभयो। (लेवी २४:१६) ६६ तपाईंहरूको के राय छ?" तिनीहरूले जवाफ दिए, "यो प्राणदण्डको योग्य छ।" ६७ तब तिनीहरूले उहाँको मुखमा थुकेर उहाँलाई मुक्का लगाए, र कसै-कसैले यसो भन्दै थप्पड़ लाए, (यशै ५०:६) ६८ "हे ख्रीष्ट, लौ, अगमवाणी भन्! तँलाई हिर्काउने को हो?", मत्ती २७:११-१४ " येशू हाकिमको सामु उभिनुभयो, र तिनले येशूलाई सोधे, "के तिमी यहूदीहरूका राजा हौ?" येशूले भन्नुभयो, "तपाईं नै त्यसो भन्नुहुन्छ।" १२ अनि मुख्य पूजाहारीहरू र धर्म-गुरुहरूले उहाँमाथि दोष लगाए, तर उहाँले केही जवाफ दिनुभएन। १३ तब पिलातसले उहाँलाई भने, "तिम्रो विरुद्धमा तिनीहरूले अनेक कुराहरूको गवाही दिँदैछन्, के तिमी सुन्दैनौ?" १४ तर उहाँले तिनलाई एउटै अभियोगको पनि जवाफ दिनुभएन। हाकिम पनि यस कुरामा साह्रै छक्क परे।", यूहन्ना १८:१-२४ " यी कुरा भनिसकेर येशू आफ्ना चेलाहरूसँग किद्रोन खोल्सापारि जानुभयो। त्यहाँ एउटा बगैंचा थियो। येशू आफ्ना चेलाहरूसँग त्यहाँ प्रवेश गर्नुभयो। २ उहाँलाई पक्राइदिने यहूदाले पनि त्यो ठाउँ चिनेको थियो, किनभने येशू आफ्ना चेलाहरूसँग त्यहाँ धेरैजसो भेला हुनुहुन्थ्यो। ३ तब बत्ती, राँको र हतियारहरू लिएका सिपाहीहरूको एक दल र मुख्य पूजाहारी र फरिसीहरूले पठाएका पहरेदारहरू लिएर यहूदा त्यहाँ आयो। ४ तब आफूमाथि आइपर्ने सबै कुरा थाहा पाएर येशू अगि आउनुभयो, र तिनीहरूलाई भन्नुभयो, "तिमीहरू कसलाई खोज्दैछौ?" ५ तिनीहरूले उहाँलाई भने, "नासरतका येशूलाई।" येशूले तिनीहरूलाई भन्नुभयो, "म उही हुँ।" अब उहाँलाई पक्राइदिने यहूदा पनि तिनीहरूसँगै उभिरहेको थियो। ६ जब उहाँले तिनीहरूलाई "म उही हुँ" भन्नुभयो, तब तिनीहरू पछि हटे, अनि भूइँमा लोटे। ७ फेरि उहाँले तिनीहरूलाई सोध्नुभयो, "तिमीहरू कसलाई खोज्दैछौ?" तिनीहरूले भने, "नासरतका येशूलाई।" ८ येशूले जवाफ दिनुभयो, "मैले तिमीहरूलाई भनिहालें, म उही हुँ। यसकारण यदि तिमीहरू मलाई खोज्दैछौ भने यी मानिसहरूलाई चाहिँ जान देओ।"

९ “तपाईंले मलाई दिनुभएकाहरूमध्ये एउटालाई पनि मैले
गुमाइनँ” भनी उहाँले भन्नुभएको वचन पूरा होस् भनेर यो भयो। १०
सिमोन पत्रुसले आफूसँग भएको तरवार निकालेर मुख्य पूजाहारीको
कमारालाई प्रहार गरे र त्यसको दाहिने कान च्वाट्टै काटिदिए। त्यस
कमाराको नाउँ माल्खस थियो। ११ येशूले पत्रुसलाई भन्नुभयो, “तरवार
म्यानमा हाल। के पिताले मलाई दिनुभएको कचौरा म नपिऊँ?” (मत्ती
२६:३९ मर्क १४:३६ लूक २२:४२) १२ त्यसपछि सिपाहीहरूको
दल, तिनीहरूका कप्तान, र यहूदीहरूका पहरेदारहरूले येशूलाई पक्रे, र
उहाँलाई बाँधे। १३ पहिले तिनीहरूले उहाँलाई हन्नासकहाँ लगे, जो
त्यस सालका प्रधान पूजाहारी कैयाफाका ससुरा थिए। १४ यी तिनै
कैयाफा थिए, जसले ‘जनताको निम्ति एक जना मानिस मर्नमा नै कल्याण
छ’ भनी यहूदीहरूलाई सल्लाह दिएका थिए। (यूह ११:४९-५०) १५
सिमोन पत्रुस र येशूका अर्का एक जना चेला येशूको पछि लागे। ती
अर्काचाहिँ चेला प्रधान पूजाहारीका चिनारु थिए, र येशूसँगै प्रधान
पूजाहारीको आँगनमा पसे। १६ तर पत्रुस बाहिर ढोकामा उभिरहेका
थिए। ती अर्काचाहिँ चेलाले, जो प्रधान पूजाहारीका चिनारु थिए, बाहिर
निस्केर ढोकामा बस्ने ठिटीलाई भनेर पत्रुसलाई भित्र ल्याए। १७ तब
ढोकामा बस्ने त्यस ठिटीले पत्रुसलाई भनी, “के तिमी पनि यस मानिसका
चेलाहरूमध्ये एक जना हौ?” तिनले भने, “म होइनँ।” १८ त्यहाँ कमारा
र पहरेदारहरू आगोको भुङ्ग्रो ताप्दै उभिरहेका थिए, किनभने जाडो
थियो। अनि पत्रुस पनि तिनीहरूसँग उभिएर आगो ताप्न लागे। १९ अब
प्रधान पूजाहारीले येशूलाई उहाँका चेलाहरू र उहाँका शिक्षाका विषयमा
सोधे। २० येशूले तिनलाई जवाफ दिनुभयो, “मैले संसारलाई
खुल्लमखुल्ला भनेको छु। मैले सधैं सभाघरमा र मन्दिरमा शिक्षा दिएको
छु, जहाँ सबै यहूदीहरू भेला हुन्छन्। मैले गुप्तमा केही भनेको छैनँ।
२१ मलाई किन सोध्नुहुन्छ? मैले तिनीहरूलाई के भनें सो सुन्नेहरूलाई
नै सोध्नुहोस्। मैले भनेका कुराहरू यिनीहरूलाई थाहा छ।” २२ येशूले
यी कुरा भन्नुहुँदा नजिकमा उभिएका पहरेदारहरूमध्ये एक जनाले यसो
भन्दै येशूलाई थप्पड़ लायो, “के प्रधान पूजाहारीलाई यसरी जवाफ
दिन्छस्?” २३ येशूले त्यसलाई भन्नुभयो, “मैले बेठीक भनेको भए
त्यसको प्रमाण देऊ, तर यदि मैले ठीकै भनेको हुँ भने मलाई किन

हिर्काउँछौ?" २४ तब हन्नासले उहाँलाई बाधिँएकै अवस्थामा प्रधान पूजाहारी कैयाफाकहाँ पठाए।", यूहन्ना १८:३१-४० "पिलातसले तिनीहरूलाई भने, "तिमीहरू यिनलाई लैजाओ, र तिमीहरूको आफ्नै व्यवस्थाबमोजिम यिनको इन्साफ गर।" यहूदीहरूले उनलाई भने, "कुनै मानिसलाई प्राणदण्ड दिने अधिकार हामीलाई छैन।" ३२ उहाँको मृत्यु कुन रीतिले हुनेछ त्यसको सङ्केत दिएर उहाँले भन्नुभएको वचन पूर्ण होस् भनेर यसो भएको थियो। (यूह ३:१४ यूह १२:३२) ३३ पिलातस फेरि महलभित्र पसे, र उनले येशूलाई बोलाएर भने, "के तिमी यहूदीहरूका राजा हौ?" ३४ येशूले जवाफ दिनुभयो, "तपाईं आफै यसो भन्नुहुन्छ, वा मेरो विषयमा तपाईंलाई अरू कसैले भने?" ३५ पिलातसले जवाफ दिए, "के म यहूदी हुँ र? तिम्रै जाति र मुख्य पूजाहारीहरूले तिमीलाई मेरो हातमा सुम्पिदिए। तिमीले के गऱ्यौ?" ३६ येशूले जवाफ दिनुभयो, "मेरो राज्य यस संसारको होइन। मेरो राज्य यस संसारको हुँदो हो त मेरा सेवकहरू मेरो निम्ति लड्नेथिए, र म यहूदीहरूका हातमा पर्नेथिइनँ। तर मेरो राज्य यस संसारको होइन।"

३७ पिलातसले उहाँलाई सोधे, "के तिमी राजा नै हौ त?" येशूले जवाफ दिनुभयो, "म राजा हुँ भनी तपाईं नै भन्नुहुन्छ। यसैको निम्ति म जन्मेको हुँ, र यसैको निम्ति सत्यको गवाही दिन म यस संसारमा आएको हुँ। प्रत्येक जो सत्यको पक्षमा छ, त्यसले मेरो सोर सुन्छ।" ३८ पिलातसले उहाँलाई सोधे, "सत्य के हो?" यति भनेर उनी यहूदीहरूकहाँ बाहिर निस्केर गए, र तिनीहरूलाई भने, "म यिनमा केही दोष भेट्टाउँदिनँ। ३९ निस्तार-चाड़मा एक जनालाई मैले तिमीहरूका निम्ति छोडिदिने तिमीहरूको प्रथा छ। त के तिमीहरू चाहन्छौ, कि यहूदीहरूका राजालाई छोडिदिऊँ?" ४० तर तिनीहरू फेरि यसो भन्दै कराए, "यसलाई होइन, तर बारब्बालाई।" बारब्बाचाहिँ डाँकू थियो।" र यूहन्ना १९:१-१२ "तब पिलातसले येशूलाई लगेर कोर्रा लाउन लाए। २ अनि सिपाहीहरूले काँढ़ाको मुकुट गाँथेर उहाँको शिरमा लगाइदिए, र उहाँलाई बैजनी रङ्गको वस्त्र पहिराइदिए, ३ र उहाँको नजिक आएर भने, "प्रणाम, यहूदीहरूका राजा!" अनि तिनीहरूले उहाँलाई थप्पड़ लाए। ४ फेरि बाहिर निस्केर पिलातसले तिनीहरूलाई भने, "हेर, म यिनलाई तिमीहरूकहाँ बाहिर ल्याइरहेछु, र तिमीहरूलाई जनाउन चाहन्छु, म

**यिनमा केही दोष पाउँदिनँ।" ५ तब काँढ़ाको मुकुट र बैजनी रङ्गको वस्त्र पहिरिएका येशू बाहिर आउनुभयो, र पिलातसले तिनीहरूलाई भने, "हेर, यो मानिस!" ६ जब मुख्य पूजाहारीहरू र पहरेदारहरूले उहाँलाई देखे, तिनीहरू यसो भन्दै चिच्च्याउन लागे, "त्यसलाई क्रूसमा टाँग्नुहोस्, त्यसलाई क्रूसमा टाँग्नुहोस्!" पिलातसले तिनीहरूलाई भने, "तिमीहरूले नै यिनलाई लगेर क्रूसमा टाँग, किनभने म यिनमा केही दोष पाउँदिनँ!" ७ यहूदीहरूले उनलाई जवाफ दिए, "हाम्रो एउटा व्यवस्था छ, र त्यस व्यवस्थाअनुसार यो मर्नैपर्छ, किनकि यसले आफैलाई परमेश्वरको पुत्र तुल्याएको छ।" ८ यो कुरो सुनेर पिलातस झन् डराए। ९ उनी फेरि महलभित्र पसे र येशूलाई सोधे, "तिमी कहाँका हौ?" तर येशूले उनलाई केही जवाफ दिनुभएन। १० यसकारण पिलातसले उहाँलाई भने, "के तिमी मसँग बोल्दैनौ? तिमीलाई छोडिदिने अधिकार मसँग छ, र तिमीलाई क्रूसमा टाँग्ने अधिकार पनि मसँग छ भन्ने तिमीलाई थाहा छैन?" ११ येशूले जवाफ दिनुभयो, "तपाईंलाई माथिबाट नदिइएको भए ममाथि तपाईंको केही अधिकार हुनेथिएन। यसकारण मलाई तपाईंका हातमा सुम्पिदिने अझ बढ़ी पापको दोषी छ।"**

**१२ त्यसपछि पिलातसले उहाँलाई छोडिदिन बढ़ी प्रयत्न गरे। तर यहूदीहरू यसो भन्दै कराए, "यदि तपाईंले यस मानिसलाई छोडिदिनुभयो भने तपाईं कैसरका मित्र हुनुहुन्न। आफैलाई राजा हुँ भनी दाबी गर्ने प्रत्येक कैसरको विरुद्धमा खड़ा हुन्छ।"**

खीष्टका चेलाहरूले उहाँको पछि पछ्याउँदा कस्तो दर्दनाक मोल तिर्नुपर्दो रहेछ भनेर यस संसारमा उहाँको अन्तिम यात्रामा थाहा पाए। तर खीष्टले आफूलाई पक्रिनु भएको समयदेखि क्रुसमा मृत्युसम्म त्यस देशका शक्तिशाली वा उच्च पदमा रहेकाहरूलाई आफ्नो पहिचान देखाउनुभएको थियो र सुनाउनु भएको थियो। तिनीहरूमा राजा, वडाहाकिम र धर्मका अधिकारी पण्डित तथा पुजारीहरू थिए। संसारको शक्ति वा अरूलाई दवाएर आफू ठूलो हुने अधिकार प्राप्त गर्न जुनसुकै कचौरा पिएर लट्ठ हुन चाहने मानिसहरूको व्यक्तिगत नियत उहाँलाई थाहा थियो। झट्ट हेर्दा तिनीहरूले येशूलाई नियन्त्रणमा लिएको जस्तो देखिन्थ्यो। सिपाहीँहरूले निर्दयपूर्वक येशूलाई अदालतहरूबाट,

धर्मसभाहरूबाट, दरवारहरूबाट र न्याय भवनहरूबाट लैजान्छन्। यो संसार येशूको हो भनेर तिनीहरूलाई महसुस हुँदैन।

जुन न्याय र व्यवहार येशूलाई अख्तियारवालाहरूले गरिएका थिए ती आफूहरूको खिलाफमा नै गरिरहेका थिए।

अरूहरूलाई परमेश्वरको परमभक्त बनाउन येशूले गवाही दिनुभएको थियो। तर कतिपय समयमा उहाँले चाहना गरेको मानिसहरूले पुऱ्याएका थिएनन्। यदी रोमी पिलातुस वडा हाकिम. मूल पुजारी कैफास, राजा हेरोड र अरूहरूले आफ्ना पापहरूको पश्चाताप गर्दै परमेश्वरमा आफ्ना जीवनहरू समर्पण गरेको भए येशू औधि खुशि हुनेथिए। तर तिनीहरूको कठोर र हठी हृदयले येशूको अनुरोधलाई स्वीकार गर्न चाहेन। तिनीहरूले पाउने मुक्तिको निमन्त्रणालाई तिनीहरूको निष्ठुर मनले वेवास्ता गरे।

आफ्नो जीवनको गवाहीद्वारा अरू मानिसहरूलाई येशूभक्त बनाउने जिम्मा वर्तमान आधुनिक युगका येशूका अनुयायीहरूको हो भनेर थाहा पाउनुपर्दछ। तिनीहरूले चाहेको भन्दा वा प्रार्थना गरेको भन्दा तिनीहरूको नतिजा भिन्न हुनसक्छ। तिनीहरूको प्रयास सधैं सफल हुन्छ नै भन्ने छैन। तर त्यसले तिनीहरूलाई निराश पार्नुहुन्न न त येशूको वचन बाँड्न हतोत्साह नै हुनुपर्छ। तर येशूको सत भक्त येशू जस्तै हुनुपर्छ। जसरी उहाँ मृत्युको पासोमा परेपनि परमेश्वरप्रतिको आस्थामा अडिग भएर बसे त्यसरी नै येशूभक्तहरू पनि हुनुपर्दछ। निराशको भुमरीमा परेपछि मात्र आफू कत्तिको विश्वासीलो रहेछ भनेर थाहा पाउँछ। जब श्रोताहरूलाई परमेश्वरतिर फर्कन निर्णयात्मक आह्वान गरिन्छ तब त्यसबेल गहुँ र भुस छुटिएको हुन्छ। गहुँ खुशी भएर आनन्द मनाउँछ भने भुस रुवावासीमा परिणत हुन्छ। परमेश्वरको राज्यमा कटानीको काम निरन्तररूपमा भइरहेको हुन्छ।

देश र धर्मका शक्तिशाली मानिसहरूको अगाडि येशूले गवाही दिँदा त्यो सफल नभएको देखिएको थियो। तर पछि अचम्मको काम भएको थियो। प्रेरित ६:७मा उल्लेख गरिएको छ "गुणात्मक रूपमा धेरै चेलाहरू बढे र धेरै पुजारी वा पण्डितहरू पनि विश्वासमा आज्ञाकारी भएर निस्के।" (रूपान्तरित)। जब येशूको अन्तिम घडी आएको थियो कतिजन पुजारी तथा धर्मगुरूहरूले उहाँका वचन

सुनिरहेका थिए र उहाँको पिडा हेरिरहेका थिए त्यो कुरा केवल परमेश्वरलाई मात्र थाहा छ।

## ५. इसाई जगतमा प्रारम्भिक तहल्का (प्रेरित १३:५-१२,५०)

सारा सभ्य संसारमा सुसमाचार सुनाउन ख्रीष्टका प्रथम चेलाहरू अत्यन्त घोटिएर काम गर्दथे। परमेश्वरको राज्यको सुसमाचार सुनाउन तिनीहरूले कुनैं पनि ठाउँलाई बाँकी राखेको थिएन। घर, यहूदी उपासना केन्द्र अर्थात् सिनिगग, न्यायको अदालत, सार्वजनिक थलो, रङ्गशाला र राजकिय महलहरूमा परमेश्वरको वचन सुनाउन तिनीहरू अग्रसर भएका थिए। तर तिनीहरूले अनेकौं तकलिफहरूको सामना गर्नुपर्नेछ भनेर येशूले अगावै भन्नुभएको थियो। तिनीहरूलाई पक्रेर झ्यालखानामा राखिनेछ, अनेकौं मुद्दा लगाइनेछ र कठोर हृदयभएका शासक वा राजकिय श्रोतावर्गहरूले तिनीहरूलाई सास्ती दिनेछ भनेर येशूले आफ्नो दुरदृष्टी लगाएर तिनीहरूलाई सम्झाएका थिए (मत्ती १०:१६-२०)। अभाग्यवस, संसारका शक्ति र सम्पन्नताले मात्तिएकाहरूका हृदय आत्मिक रूपमा भित्ता भएको हुनाले कतिपयले ख्रीष्टलाई ग्रहण गर्न आवश्यक ठान्दैनन् र ग्रहण गरेतापनि ढिलोसम्म पर्खेर बस्दछ।

प्रेरितको पुस्तकमा परमेश्वरको वचन द्रुतगतीले कसरी प्रचार भइयो भनेर वर्णन गरिएको छ। ती पढेर धेरै मानिसहरू कताकताबाट परमेश्वरलाई विश्वास गर्न पुगे वा आत्मिक परिवर्तन हुन पुगेछ भनेर तपाईंले निश्कर्ष निकाल्नु होला। तर त्यसो भएको होइन। चेलाहरूको प्रचार गर्ने शैलीमा अथक प्रयास गरेको कारणले र तिनीहरूको जीवनशैलीले गर्दा अचम्मका नतिजाहरू भएका थिए। बिऊ नरोपी धान फल्दैन र कटानी पनि हुँदैन। ख्रीष्ट आफैले सुसमाचारलाई विश्वासपूर्वक प्रचार गर्नुभएको थियो। परमेश्वरको प्रेमको बारेमा मानिसहरूको हृदयमा छाप परोस् भनेर उहाँले कुनै पनि प्रयासलाई बाँकिराख्नुभएन। सारा यहूदियाभरी सुसमाचार प्रचारकहरूले परमेश्वरको निम्ति गवाही दिएका थिए। पहिलेका निष्ठावान र आस्थावान येशूभक्तहरूले परमेश्वरको वचन सुनाउन सबैले आआफ्नो क्षेत्रबाट प्रयास गरेका थिए। ख्रीष्टले व्यक्तिगतरूमा मृत्युमाथि विजय भएको

कारणले नै उहाँको सन्देश पक्का भएको प्रमाणित भएको थियो। त्यसले गर्दा सुसमाचारप्रति चिसो भएका हजारौं मानिसहरू परमेश्वरको राज्यमा उफ्रन तयार भएका थिए। कतिपयले गोप्यरूपमा ख्रीष्टलाई पछ्याएका थिए। चेलाहरूको आह्वानमा तिनीहरूले खुलारूपमा येशूलाई ग्रहण गर्न पनि पुगेका  थिए। जब सुरूमा येशू र उहाँका चेलाहरूले सुसमाचार प्रचार गरेका थिए त्यसबेला कतिपय मानिसहरू विभिन्न कारणले गर्दा तिनीहरूको वचनलाई वास्ता गर्न चाहेका थिएनन्। ती कारणहरूमा सांस्कृतिक, परम्परा, अरूले के भन्ला भन्ने डर, काम टुट्ला भन्ने डर र पारिवारिक परिवन्धहरू थिए। श्रोताहरू र येशू तथा उहाँका चेलाहरूको बीचमा त्यसकारण पर्खाल खडा भएको थियो। तर ख्रीष्ट बौरि उठ्नुभएपछि कतिको त्यो पर्खाल भत्केको थियो र परमेश्वरको राज्यमा सहभागी हुन निर्णायात्मक कदम चालेको थियो। हेरौं केही वृतान्तहरूः प्रेरित ४ः१-१२ "जब येशूको प्रखर प्रेरित पावल सुसमाचार प्रचारगर्ने दिर्घामा पसे तब पत्रुस र यूहन्ना मानिसहरूसँग बोल्दै नै थिए, पूजाहारीहरू, मन्दिरका कप्तान र सदुकीहरू तिनीहरूकहाँ आए। २ उनीहरू रिसाएका थिए, किनकि येशूमा पुनरुत्थान हुन्छ भन्ने कुरा तिनीहरूले मानिसहरूलाई सिकाउँदैथिए र घोषणा गर्दैथिए। ३ तब उनीहरूले यिनीहरूलाई पक्रे, र भोलिपल्टसम्म थुनामा राखे, किनभने त्यस बेला साँझ परिसकेको थियो। ४ तर वचन सुन्नेहरूमध्ये धेरैले नै विश्वास गरे, र विश्वास गर्ने मानिसहरूको संख्या प्रायः पाँच हजार भयो। ५ भोलिपल्ट यिनीहरूका शासकहरू, धर्म-गुरुहरू र शास्त्रीहरू यरूशलेममा भेला भएका थिए। ६ प्रधान पूजाहारी हन्नास, कैयाफा, यूहन्ना, अलेक्जेन्डर र प्रधान पूजाहारीका परिवारका जम्मै त्यहाँ थिए। ७ तिनीहरूले पत्रुस र यूहन्नालाई बीचमा खड़ा गराएर सोधे, "कुन शक्तिबाट अथवा कसको नाउँमा तिमीहरूले यो गरेका हौ?" ८ तब पवित्र आत्माले भरिपूर्ण भएर पत्रुसले तिनीहरूलाई भने, "मानिसहरूका शासक र धर्म-गुरु हो, ९ आज हामीले एक जना लङ्गड़ो मानिसप्रति एउटा असल काम गरेको विषयमा त्यो कुन उपायले निको पारियो भनेर प्रश्न गर्नुहुन्छ भने, १० तपाईंहरू सबैलाई र इस्राएलका सारा मानिसलाई थाहा होस्, कि तपाईंहरूले क्रूसमा टाँग्नुभएको र परमेश्वरले मृतकबाट जीवित पार्नुभएका, उनै नासरतका येशू ख्रीष्टको नाउँमा यो

मानिस तपाईंहरूका सामुन्ने निको भएर उभिएको छ। ११ 'यो त्यही ढुङ्गो हो, जो तपाईं, (भजन ११८:२२) निर्माताहरूले इन्कार गर्नुभएको थियो, सो अहिले कुनाको शिर-ढुङ्गो हुन आएको छ।' १२ अरू कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन।", प्रेरित १३:६-१२ " तब पवित्र आत्माद्वारा पठाइएका हुनाले तिनीहरू सिलुकियामा गए र त्यहाँबाट जहाजमा चढ़ी साइप्रसतिर गए। ५ सलामिसमा आइपुगेपछि तिनीहरूले यहूदीहरूका सभाघरहरूमा परमेश्वरको सुसमाचार प्रचार गरे। तिनीहरूलाई सहायता गर्न यूहन्ना तिनीहरूसँग थिए। ६ जब तिनीहरू समस्त टापूको यात्रा गर्दै पाफोससम्म आइपुगे, तब त्यहाँ तिनीहरूले एक जना यहूदी झूटा अगमवक्ता बार-येशू भन्ने एक जना जादूगरलाई भेट्टाए। ७ त्यो जादूगर एउटा प्रान्तका शासक सर्गियस पौलससँग बस्तथियो। सर्गियस पौलस बुद्धिमान् मानिस थिए। तिनले शाऊल र बारनाबासलाई बोलाएर परमेश्वरको वचन सुन्ने इच्छा गरे। ८ तर एलुमास जादूगरले (किनकि ग्रीक भाषामा त्यसको नाउँको अर्थ यही हो) सर्गियस पौलसलाई विश्वासबाट फर्काउन खोजेर तिनीहरूको सामना गऱ्यो। ९ तर शाऊलले, जसलाई पावल पनि भनिन्छ, पवित्र आत्माले भरिएर त्यसमाथि एकटक लाएर हेरे, १० "तँ दियाबलसको छोरो, सारा धार्मिकताको शत्रु, सम्पूर्ण छल र दुष्टताले भरिएको! के तँ प्रभुको सोझो मार्ग बङ्ग्याउन छोड्दैनस्? ११ अब हेर, प्रभुको हात तँमाथि परेको छ, र तँ अब केही समयसम्म घामको प्रकाश नदेख्ने भई अन्धो हुनेछस्।" अनि उत्तिखेरै कुइरो र अन्धकारले त्यसलाई छोप्यो, र कसैले त्यसको हात पक्रेर डोऱ्याइदेला कि भनेर त्यो यताउता जान लाग्यो। १२ तब प्रान्तका ती शासकले यो भएको देखेर विश्वास गरे, किनकि प्रभुको शिक्षामा तिनी छक्क परेका थिए।", प्रेरित १३:४४-५२ "अर्को शबाथमा झण्डै सम्पूर्ण सहर परमेश्वरको वचन सुन्नलाई उल्टेर आयो। ४५ भीड़लाई देख्दा, यहूदीहरू डाहले भरिए र पावलले भनेका कुराको खण्डन गरे, र तिनको निन्दा गरे। ४६ तर पावल र बारनाबासले साहस गरेर भने, "परमेश्वरको वचन सर्वप्रथम तपाईंहरूलाई नै सुनाउनु आवश्यक थियो। तपाईंहरूले यसलाई इन्कार गरी आफैलाई अनन्त जीवनको अयोग्य ठहराउनुभएकोले हामी अब अन्यजातिहरूकहाँ

जानेछौं। ४७ किनकि प्रभुले हामीलाई यस्तो आज्ञा दिनुभएको छ, (यशै ४२:६ यशै ४९:६) 'पृथ्वीको पल्लो छेउसम्म मुक्ति पुऱ्याउन मैले तिमीलाई अन्यजातिहरूका निम्ति ज्योति हुन नियुक्त गरेको छु'।" ४८ जब अन्यजातिहरूले यी कुरा सुने, तिनीहरू खुशी भए, र परमेश्वरको वचनको प्रशंसा गरे, र अनन्त जीवनको लागि नियुक्त भएकाहरू जतिले विश्वास गरे। ४९ प्रभुको वचन सबै इलाकाभरि फैलियो। ५० तर पावल र बारनाबासका विरुद्ध यहूदीहरूले भक्त र प्रतिष्ठित स्त्रीहरू र सहरका मुख्य-मुख्य मानिसहरूलाई उक्साए, र उनीहरूलाई आफ्नो साँधसिमाना बाहिर कटाइदिए। ५१ तर उनीहरूचाहिँ आफ्ना खुट्टाको धुलो तिनीहरूका विरुद्धमा टकटक्याएर, आइकोनियनमा आए। (मत्ती १०:१४ मर्क ६:११) ५२ चेलाहरू आनन्द र पवित्र आत्माले परिपूर्ण भए।", प्रेरित २३:१-८ "पावलले महासभातिर एकटक लाएर हेरे, र भने, "भाइ हो, आजको दिनसम्म परमेश्वरको दृष्टिमा मैले शुद्ध विवेकले जीवन बिताएको छु।" २ यस कुरामा प्रधान पूजाहारी हननियाले तिनको छेउमा उभिनेहरूलाई मुखमा हिर्काउने हुकुम दिए।

३ तब पावलले उनलाई भने, "हे चून पोतेको भित्तो! तिमीलाई पनि परमेश्वरले प्रहार गर्नुहुनेछ। तिमी व्यवस्थाबमोजिम मेरो इन्साफ गर्न बसेर के व्यवस्थाको विपरीत मलाई हिर्काउने हुकुम दिन्छौ?" (मत्ती २३:२७-२८) ४ अनि छेउमा उभिनेहरूले भने, "के तँ परमेश्वरका प्रधान पूजाहारीको अपमान गर्छस्?" ५ तब पावलले भने, "भाइ हो, उहाँ प्रधान पूजाहारी हुनुहुन्छ भन्ने मलाई थाहा थिएन। किनकि लेखिएको छ, 'तैंले आफ्ना जनताका शासकको खराबी नबोल्नू'।" (प्रस २२:२८) ६ तर त्यस महासभामा एक दल सदुकी र अर्को दल फरिसीहरू रहेछन् भन्ने थाहा पाएर पावलले उच्च सोरमा भने, "भाइ हो, म त फरिसीहरूका छोरो फरिसी नै हुँ। मरेकाहरूको आशा र पुनरुत्थानको कारण मेरो मुद्दा चलिरहेछ।" (प्रेरित २६:५ फिलि ३:५) ७ तिनले यसो भनेपछि फरिसीहरू र सदुकीहरूमा मतभेद भयो, र भीड़मा फाटो पऱ्यो। ८ किनकि सदुकीहरू भन्दछन् कि पुनरुत्थान, स्वर्गदूत, आत्मा भन्ने केही पनि छैन। तर फरिसीहरू ती सबै मान्छन्।" (मत्ती २२:२३ मर्क १२:१८ लूक २०:२७) र प्रेरित २५:२३-२७ "भोलिपल्ट अग्रिपास र बरनिकी बड़ो रवाफसँग सेनापतिहरू र सहरका

प्रमुख मानिसहरूका साथ सभाभवनमा पसे। अनि फेस्तसको हुकुम पाएर पावल हाजिर गराइए। २४ फेस्तसले भने, "राजा अग्रिपास र हामीसँग यहाँ भएका सबै उपस्थित सज्जन हो, तपाईंहरूले यस मानिसलाई देख्नुहुन्छ, जसको विषयमा सारा यहूदीहरूले 'यो मानिस अब उप्रान्त जिउने योग्यको छैन' भनी यरूशलेममा र यहाँ पनि मसँग बिन्ती गरेका थिए। २५ तर ज्यानसजाय पाउनुपर्ने यसले केही गरेको मैले नभेट्टाएकोले र यो आफैले पनि सम्राट्कहाँ अपिल गरेको हुनाले मैले यसलाई पठाउने निश्चय गरें। २६ यसको विषयमा मैले मेरा सम्राट्लाई लेख्ने विशेष कुरा केही छैन। यसकारण मैले यसलाई तपाईंहरूका सामुन्ने, र खास गरेर, हे राजा अग्रिपास, तपाईंको सामुन्ने ल्याएको छु, र हामीले यसको जाँच गरेपछि शायद मैले केही लेख्ने कुरा पाउनेछु। २७ किनभने कैदीको विरुद्धमा कुनै अभियोग नबताईकन त्यसलाई पठाउन मलाई मनासिब लाग्दैन।" प्रेरित २८ "१ हामी सकुशल किनार लागेपछि त्यस टापूको नाउँ माल्टा रहेछ भन्ने हामीलाई थाहा लाग्यो। २ त्यहाँका बासिन्दाहरूले हामीलाई अपूर्व दया देखाए। पानी परेर जाडो भएको कारणले तिनीहरूले आगो बालिदिए, र हामी सबैलाई स्वागत गरे। ३ पावलले एक बिटा दाउरा जम्मा गरेका थिए र सो ल्याएर आगोमा हाले। आगोको तापले एउटा सर्प निस्केर आयो, र तिनको हातमा बेह्रियो। ४ त्यहाँका बासिन्दाहरूले तिनको हातमा सर्प बेह्रिएको देखेर आपसमा भन्न लागे, "यो मानिस पक्का पनि ज्यानमारा नै हुनुपर्छ। यो समुद्रबाट बाँचेर त निस्क्यो तर इन्साफबाट यो उम्कन सकेन।" ५ तर पावलले चाहिँ त्यस सर्पलाई आगोमा झट्कारिदिए, र तिनको केही बिगार हुन पाएन। ६ तर तिनको शरीर सुनिनेछ, अथवा तिनी एक्कासि ढलेर मर्नेछन् भनी तिनीहरूले प्रतीक्षा गर्न लागे। तर धेरै बेरसम्म प्रतीक्षा गरिरहँदा पनि तिनको केही बिगार नभएको देखेर तिनीहरूले आफ्नो विचार बद्लेर भन्न लागे, "यिनी त देवता पो रहेछन्।" ७ त्यस टापूका पब्लियस नाउँ भएका मुखियाको जग्गाजमिन त्यस ठाउँको छेउछाउमा थियो। उनले हामीलाई स्वागत गरे, र तीन दिनसम्म उनको घरमा हाम्रो अतिथिसेवा गरे। ८ पब्लियसका बुबा जरो र आउँको रोगले बिरामी थिए। पावल तिनलाई हेर्न गए, र तिनको लागि प्रार्थना गरे, र आफ्नो हात तिनीमाथि राखी

तिनलाई निको पारे। ९ यो घटना भएपछि, त्यस टापूका अरू रोगी मानिसहरू पनि आए, र निको पारिए। १० तिनीहरूले धेरै प्रकारले हाम्रो आदर गरे। जब हामी जहाजमा चढ्यौं, तिनीहरूले हामीलाई चाहिए जति सामानहरू जहाजमा हालिदिए। ११ तीन महिनापछि, हामी अलेक्जेन्ड्रियाको जहाजमा चढ्यौं। यो जहाज हिउँदमा यसै टापूमा थियो। जहाजको अगिल्लो भागमा जुम्ल्याहा देवको प्रतिमा कपेको थियो १२ सुराकुसाईमा पुगेर हामी त्यहाँ तीन दिन बस्यौं। १३ त्यहाँबाट हामी किनार-किनारै रेगियनमा आइपुग्यौं। एक दिनपछि दक्षिणी बतास चल्यो, र भोलिपल्ट हामी पटिओलीमा आइपुग्यौं। १४ त्यहाँ हामीले भाइहरूलाई भेट्यौं, र उनीहरूले हामीलाई सात दिनसम्म उनीहरूका साथमा रहनलाई बिन्ती गरे। यसरी हामी रोममा आइपुग्यौं। १५ त्यहाँबाट हाम्रो आगमनको खबर सुनेर भाइहरू हामीलाई भेट्न अप्पियसको बजार र तीन-पाटी भन्ने ठाउँमा आएका थिए। यिनीहरूलाई देखेर पावलले परमेश्वरमा धन्यवाद चढ़ाए, र साहस पाए। १६ जब हामी रोममा पस्यौं, तब पावललाई एक जना सिपाहीको रेखदेखमा एकलै बस्ने अनुमति मिल्यो। १७ तीन दिनपछि पावलले यहूदीहरूका स्थानीय अगुवाहरूलाई बोलाइपठाए। उनीहरू जम्मा भएपछि तिनले उनीहरूलाई भने, "भाइ हो, मैले त आफ्नो देशका मानिसहरू, अथवा पिता-पुर्खाका रीतिथितिका विरुद्धमा केही काम गरेको थिइनँ। तापनि बन्दी भई यरूशलेमदेखि रोमीहरूका हातमा मलाई सुम्पेको छ। १८ उनीहरूले छानबिन गरेपछि ममा मृत्युदण्डको कुनै कारण नभेट्टाउँदा मलाई छोडिदिने मन गरेका थिए। १९ तर यहूदीहरूले विरोध गरेका हुनाले कैसरकहाँ अपिल गर्न मलाई करै लाग्यो– मेरो जातिको विरुद्धमा कुनै अभियोग ल्याउने कुरा थिएन। (प्रेरित २५:११) २० यसैकारणले मैले तपाईंहरूसँग भेटेर बातचित गर्न तपाईंहरूलाई बोलाएको हुँ। किनभने इस्राएलको आशा जो हो त्यसको निम्ति यस साङ्लामा म बाँधिएको छु।" २१ उनीहरूले तिनलाई भने, "हामीले त तपाईंको विषयमा यहूदियाबाट केही चिट्ठी पाएका छैनौं। कोही भाइहरूले आएर तपाईंको विरुद्धमा कुनै नराम्रो कुरा पनि सुनाएका वा बोलेका छैनन्। २२ तर तपाईंको विचार के हो, सो तपाईंबाट सुन्न चाहन्छौं। किनकि यस दलको विषयमा हामीलाई यति

मात्र थाहा छ, कि जतातातै मानिसहरू यसको विरुद्धमा मात्रै बोल्दछन्।" २३ तब उनीहरूले तिनको निम्ति एउटा दिन तोकिदिए, र धेरै संख्यामा मानिसहरू तिनको डेरामा आए। तिनले उनीहरूलाई बिहानदेखि साँझसम्मै व्याख्यान दिए, र मोशाको व्यवस्था र अगमवक्ताहरूका पुस्तकबाट परमेश्वरका राज्यको गवाही दिए, अनि येशूको विषयमा उनीहरूलाई विश्वास दिलाउने चेष्टा गरे। २४ तिनले भनेका कुरा कतिले विश्वास गरे, कतिले गरेनन्। २५ उनीहरू आपसमा असहमत भए, र बिदा हुन लाग्दा पावलले यो अन्तिम वक्तव्य दिए, "तिमीहरूका पिता-पुर्खालाई यशैया अगमवक्ताद्वारा पवित्र आत्माले भन्नुभएको वचन ठीकै थियो, २६ 'यी मानिसहरूकहाँ गएर भन्, (यशै ६:९-१०) "सुन्न त तिमीहरू सुन्छौ, तर कहिल्यै बुझ्दैनौ, हेर्न त हेर्छौ, तर कहिल्यै देख्दैनौ।" २७ किनभने यी मानिसहरूको हृदय बोधो भएको छ, र तिनीहरूका कान बहिरा भएका छन्, र तिनीहरूले आफ्ना आँखा बन्द गरेका छन्, नत्रता तिनीहरूले आँखाले देख्नेथिए, कानले सुन्नेथिए, हृदयले बुझ्नेथिए, र फर्कनेथिए, र म तिनीहरूलाई निको पार्नेथिएँ।' २८ "यसकारण तिमीहरूलाई थाहा होस्, कि परमेश्वरको यो मुक्ति अन्यजातिहरूका निम्ति पठाइएको छ, र तिनीहरूले सुन्नेछन्।" [ २९ अनि तिनले यी वचन भनेपछि, यहूदीहरू आपसमा धेरै वाद-विवाद गर्दै बिदा भए।] ३० पावल पूरा दुई वर्षसम्म आफ्नै खर्चमा रोममा बसे, र तिनीकहाँ आउनेहरू सबैलाई तिनले स्वागत गरे। ३१ तिनले खुल्लमखुल्ला र विनारोकटोक परमेश्वरका राज्यको प्रचार गर्थे, र प्रभु येशू ख्रीष्टको बारेमा शिक्षा दिन्थे।"

पावलले येशूलाई ग्रहण गरेपछि सुसमाचार प्रचारमा तहल्का नै मच्चिएको थियो। तर येशूको प्रखर भक्त र प्रभावशाली प्रचारक भयो भन्दैमा सबैले उनको कुरोलाई ध्यान दिए भनेर मानिन्दैन। कतिपय समयमा त समाजका प्रवुद्ध र प्रतिष्ठित मानिसहरूले उनमाथि आक्रमण निति लिएका थिए र उलनाई शहरबाट धपाइएको पनि थियो। उनलाई ढुङ्गै ढुङ्गाले हानेर मरणासन्न पनि पारिएको थियो। उनलाई कोर्राले पिटेर निर्मम यातना दिएको पनि थियो। उनलाई झ्यालखानामा थुनियो। समाजका जान्नेसुन्ने बडाहरूले उनलाई दुर्व्यवहार गरेको थियो। इसाई

विरुद्ध आक्रमक निति लिनेमा राजनिति पनि अग्रपन्थीमा नैं भएको पाइएको थियो।

धर्मगुरूहरूलाई खुशी पार्न बडा हाकिम फेलिक्सल् पावललाई थुनेको थियो। उसको पछि बडा हाकिम भएको फेस्टस केही हदमा उदारवादी थिए। तर ऊ राजनितिमा कमजोर भएको कारणले पावललाई बन्दिमुक्त गर्न साहस गरेनन्। एक दिन औपचारिक भ्रमणमा राजा अग्रिपा र उसको बहिनी बर्निस जो राजा हेरोडको घरानाका थिइ, पावल भएको शहरमा आएका थिए। तिनीहरूले पावलको सुनुवाइ गरेका थिए। पावलले तिनीहरूलाई येशूलाई ग्रहण गर्न अपिल गरेका थिए। तर पदको लोभमा फसेको हुनाले तिनीहरूले पनि पावलको आह्वानलाई वास्ता गरेनन्। त्यसकारण एक्काइसौं सताव्धीका येशूभक्तहरूले पनि जुनसुकै कठिनको सामना गर्नुपरेतापनि ख्रीष्टको समाचार सुनाउन कहिल्यै पनि पछि पर्नुहुन्न।

**जब उच्च ओहोदामा बसेकाहरूले येशूलाई ग्रहण गर्दैन तब सुसमाचार प्रचार गर्नेहरू किन हतासनिराश हुनुहुन्दैन? ख्रीष्टका भक्तहरूले उच्च ओहोदाका मानिसहरूलाई सुसमाचार सुनाउँदा अरू को को पनि सुनिरहेको होला, सोच्नुहोस्।**

## उपसंहारः

**यस अध्यायको विषयवस्तुको बारेमा अझ जानकारी लिन एलेन जी ह्वाइटको देहायका सामग्रीहरू उपयोगी हुन्छन्ः** *द डिजाएर अभ एजेज,* पृ. ३१५-३१८को “द सेन्च्युरिएन", पृ. ६९८-७१५को “बिफोर आनास एण्ड द कोर्ट अभ कैयाफास", पृ. ७२३-७४०को “इन पाइलट्स जजमेन्टल हल", *मिनिस्त्र* अभ हिलिङ्ग पृ. २०९-२१६को “मिनिस्त्री टु द रिच", र *आक्टस् अभ आपोस्टल्स* पृ. ४३३-४३९को “आलमोस्ट दाउ पर्स्वेडेस्ट मी।"

“धनीवर्ग, संसारको लोभ तथा ओहोदामा फस्ने र संसारिक मान सम्मानमा फस्ने मानिसहरूले येशूलाई ग्रहण गर्नु भनेको कुनै अचानक कुरो होइन। यस खालका मानिसहरूकहाँ सुसमाचार सुनाउन प्रायजसो कठिननै हुन्छ। तर जो येशूको निम्ति प्रचारप्रसार गर्न पवित्र आत्माले सुऱ्याउँछ तब तिनीहरूले व्यक्तिगतरूपमा ती सम्पन्न वर्गहरूकहाँ पुग्न

प्रयास गर्नुपर्छ। परमेश्वरको अगुवाईमा गवाही दिनेहरू असफल हुँदैनन् न त निराश नै हुन्छन्।

"उच्च वर्गका मानिसहरूसँग परमेश्वरको काम गर्न कोही न कोही वढि सक्षम् हुन्छन्।"-एलेन जी ह्वाइट, *द मिनिस्त्री अभ हिलिङ्ग,* पृ. २१३बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. जब जब येशूले ठूलावडा अर्थात् समाजमा शक्ति पाएका मानिसहरूसँग छलफल गर्नुहुन्थ्यो तब तब अरू सर्वसाधारण मानिसहरूले सुन्दथे। ती समाजको प्रतिष्ठित वर्गहरूमा कोही उच्च ओहोदामा थिए भने कोही थिएनन्। विद्वान पुजारी वर्गका निकोदिमस र आरमिथाको युशुफ पनि पछि येशूलाई ग्रहण गरेका थिए तर त्यसको लागि धेरै समय लागेको थियो। धार्मिक नेताहरूसँग येशूले गर्नुभएको कुराकानी सुनेपछि कतिपयले उहाँलाई विश्वास गर्न पुगेका थिए। पहाडको भित्र नै ज्वालामुखी लुकिरहेको हुन्छ भन्ने कुरालाई हामीले सम्झिनु पर्दछ। अर्थात् लुकिएका क्रियाकलापहरूलाई नाप्न सधैं सजिलो छैन। उचित रूपमा त्यसलाई नाप्न विशेष औजारहरूको आवश्यक पर्छ। त्यही तरिकाले येशूले चाल्नुभएको अभियान कस्तो विस्फोटक रूपमा बढेको थियो सो उहाँको सेवाकार्यमा लुकिरहेको थियो। जब येशूको पुनरुत्थान भयो तब उहाँलाई विश्वास गर्नेहरू अप्रत्यासित रूपमा बढेको थियो। कतिपय उच्च ओहोदामा बस्नेहरूमा पनि आत्मिक जागरणको आगो सल्केको थियो। उहाँको पक्षमा धेरै खडा भए। येशूले रोप्नुभएको बिऊ विस्तारै वढ्दै प्रसस्तमात्रामा वढेको थियो। जब हामीले परमेश्वरको बारेमा प्रचारप्रसार गर्छौं वा गवाही दिन्छौं त्यसको नतिजा तुरन्तै नदेखिन्दा हामी हताशनिराश हुनुहुन्दैन भनेर उपरोक्त तथ्यले देखाउँदछ। धनी,

सम्पन्न र अख्तियारवालाहरूसँग जब हामी काम गर्छौं तब तिनीहरूले हाम्रो कुरा तुरन्तै सुनेन भन्दैमा हामी निराश हुनु जरुरी छैन।

**आ.** समाजका प्रवुद्ध र अधिकारयुक्त वर्गहरूलाई सुसमाचार सुनाउन कोही भन्दा कोही सक्षम् हुन्छ भनेर एलेन जी ह्वाइटले भनेका भावनालाई माथि पढ्नुभयो होला। त्यसता मानिसहरूको बिचमा पुग्न कस्ता खालका गुणहरूको आवश्यक पर्ने रहेछ के तपाईंलाई थाहा छ? फेरि त्यसबखत त्यस ठाउँमा जान फलाना फलाना सक्षम् वा योग्य छैन भनेर मूल्याङ्कन गर्नबाट हामी कसरी होशियार हुनुपर्छ सोच्नुहोस्।